# शारदा राजपत्र

## शारदा नगरपालिका द्वारा प्रकाशित

खण्ड ८ संख्या ४२ मिति २०८१।११।०१

# भाग २

**शारदा नगरपालिकाले बनाएको तल लेखिएको बमोजिमको कार्यविधि सर्वसाधारणको लागी प्रकाशन गरीएको छ ।**

बालबालिकाको वृद्धि अनुगमन कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

नगर कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०८१/१०/२८
प्रमाणीकरण मितिः २०८१/११/०१

प्रस्तावनाः

नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई राज्यबाट प्राप्त हुने आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा सबैको समान पहुँच रहने कुरालाई मौलिक हकको रुपमै प्रत्याभूत गरेको छ । बालबालिकाको गुणस्तरीय स्वास्थ्य तथा पोषण प्रवर्द्धन गर्न, मानसिक र वौद्धिक विकासमा सुधार ल्याउन पोषिलो खाना खान उत्प्रेरित र सशक्तिकरण गर्न साथै बालबालिकामा पटक पटक दोहोर्याएर वृद्धिको मापन (तौल र लम्बाई) गरी उमेर अनुसार बालबालिकाको शरीरको वृद्धि भैरहेको छ वा छैन भनी अनुगमन गर्न एवं राष्ट्रिय पोषण कायक्रम अनुसार बालबालिकाको वृद्धि अनुगमन जन्मपश्चात २ वर्षको अवधिसम्म प्रत्येक महिना कम्तिमा एक पटक (जम्मा २४ पटक) गर्नुपर्छ भन्ने विषयलाई उत्प्रेरित गर्न बान्छनीय भएकोले शारदा **नगरपालिकाले बालबालिकाको वृद्धि अनुगमन कार्यक्रम सञ्चालन कार्यविधि, २०८१** बनाएको छ।

## परिच्छेद १

## प्रारम्भिक, संक्षिप्त नाम, परिभाषा

१. संक्षिप्त नाम तथा प्रारम्भ

(क) यस कार्यविधिको नामः बालबालिकाको वृद्धि अनुगमन कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ रहेको छ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,

(क) "प्रमुख" भन्नाले शारदा नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ।

(ख) उपप्रमुख" भन्नाले शारदा नगरपालिकाको उपप्रमुख लाई सम्झनुपर्छ।

(ग) "कार्यपालिका" भन्नाले शारदा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(घ) "नगरपालिका" भन्नाले शारदा नगरपालिका सम्झनु पर्छ।

(ङ) ‘‘प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शारदा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(च) "स्वास्थ्य शाखा" भन्नाले शारदा नगरपालिकाको स्वास्थ्य सेवा सम्वन्धी कामकाज गर्न गराउनको लागि तोकिएको शाखा सम्झनुपर्छ।

(छ) "सरकारी स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट संचालित स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाई लगायत स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

(ज) "सेवाग्राही" भन्नाले स्वास्थ्य संस्था र समुदाय स्तरमा संचालन हुने खोप तथा गाउँघर क्लिनिकहरुमा स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनु पर्छ।

(झ) "सेवा प्रदायक" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य सेवाका विषयमा निश्चित योग्यता वा तालीम हासिल गरी स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र सामुदायिक स्वास्थ्य कार्यकर्ता सम्झनु पर्छ।

(ञ) ‘‘वडा अध्यक्ष’’ भन्नाले शारदा नगरपालिकाका वडा अध्यक्ष सम्झनुपर्छ।

(ट) ‘‘वृद्धि’’ भन्नाले शारीरिक परिपक्वता हो जसले शरीरको वृद्धि (जस्तैः तौल, उचाई, टाउको, छाती र पाखुरा एवं दाँत बढनु) लाई जनाउँछ।

(ठ) ‘‘विकास’’ भन्नाले शरीरका अंगहरुले गर्नुपर्ने कार्यहरु परिपक्वताका साथ गर्न सक्ने क्षमता, दक्षता एवं बालबालिकाको उत्तरदायित्व बहन गर्न सक्ने कार्यलाई जनाउँछ।

(ड) ‘‘निर्देशिका’’ भन्नाले बालबालिकाको वृद्धि अनुगमन तथा प्रवर्द्धन निर्देशिका, २०७९ लाई जनाउँछ।

**परिच्छेद २**

**उद्देश्य र कार्यक्रमको व्याख्या**

३. उद्देश्यः

(क) वृद्धि अनुगमन तथा प्रवर्धन कायक्रमलाई सुदृढिकरण गरी बालबालिकाहरुका स्वास्थ्य तथा पोषण अवस्था सुनिश्चित गर्ने।

(ख) वृद्धि अनुगमन तथा प्रवर्द्धन निर्देशिका, २०७९ बारे जानकारी प्रदान गरी सो निर्देशिका अनुसार वृद्धि अनुगमन तथा प्रवद्र्धृन कायक्रमलाइ निरन्तरता दिन स्वास्थ्यकर्मी तथा म.सा.स्वा.स्वं.से. लाई परिचालन गर्ने।

(ग) बाल स्वास्थ्यका साथै पोषण सेवा उपलब्ध गर्न र गलत सामाजिक अभ्यासहरु तथा कुरीतिहरुको अन्त्य गर्दै बाधाहरु हटाउने ।

(घ) आमा तथा अभिभावकहरुलाई पोषण सेवाको जानकारी गराउन र सेवा लिनको लागि अभिप्रेरित गर्ने।

(घ) बाल स्वास्थ्यमा समुदाय र स्थानीय स्वास्थ्य संस्था बीच सहकार्य बढाउने ।

(ङ) लक्षित समुदायलाई सेवा लिन अभिप्रेरित गर्न स्थानीय सरकारले जिम्मेवारी तथा अपनत्व वहन गरेको अनुभुति दिलाउने ।

(च) गरीब, जोखिममा परेका र सामाजिक रुपमा उपेक्षित वर्गको परिवारहरुलाई स्वास्थ्य सेवामा सहभागी हुने अवसर प्रदान गर्न ।

**४. बालबालिकाको वृद्धि अनुगमन कार्यक्रम भन्नाले**ः स्वास्थ्य संस्था र वडा स्तरमा नियमित मासिक रुपमा बालबालिकाहरुको तौल,पाखुराको नाप तथा उचाई लिने र बाल स्वास्थ्य कार्डमा अद्यावधिक गरि पोषण परामर्श दिने कार्यलाई समेत बुझाउँछ । जस भित्र निम्न कार्यक्रम पर्दछन् ।

४.१ **बालबालिकाको वृद्धि अनुगमन कार्यक्रम**ः २ बर्ष सम्मका बालबालिकाहरुलाई लक्षित गरी स्वास्थ्य संस्था र गाउँघर क्लिनिक/खोप क्लिनिकमा मासिक तौल अनुगमन गरि समयमै बालबालिकाहरुको पोषण को अबस्था पत्ता लगाई उपचार तथा परामर्श सेवा प्रदान गरि उनिहरुको रोग लाग्ने दर घटाई बाल मृत्यू दरमा कमि ल्याउने उद्देश्यका साथ बालबालिकाको वृद्धि अनुगमन कार्यक्रम लागू गरिने छ । यस कार्यक्रम अन्तर्गत सम्बन्धित वडाका स्वास्थ्य संस्था मार्फत बालबालिकाहरु लाई पोषण यूक्त खाद्य बस्तु र सरसफाईका सामाग्री पाउने छन् । कम्तिमा १५ पटक अनुगमन भेटमा आएका बालबालिकाहरुलाई यो कार्यक्रम अन्तगतको सुबिधा प्रदान गरिने छ ।

५. **बालबालिकाको वृद्धि अनुगमन कार्यक्रम संचालन प्रक्रिया**

५.१ पोषण यूक्त खाद्य बस्तु र सरसफाईका सामाग्री पाउने आधारहरुः

१. कम्तिमा १५ पटक अनुगमन भेटमा आएका बालबालिकाहरुको हकमा मात्र यो कार्यविधि लागु हुनेछ ।

२. शारदा नगरपालिकाको स्थायी बासिन्दा भएको हुनु पर्नेछ ।

३. यो सेवा एक महिलाले २ पटक सम्म जिवित बच्चाका आधारमा पाउने छन् ।

४.

५.२ आवश्यक कागजातहरुः

१. तौल अद्यावधिक गरिएको बाल स्वास्थ्य कार्ड

२. अभिभावकको नागरिकताको प्रतिलिपि

३. बच्चाको जन्मदर्ता

५.३ बाल पोषिलो झोला प्रदान गर्ने तरिकाः

शारदा नगरपालिका अन्तर्गतका बालबालिकाहरुको दफा ५.२ अनुसारको कागज पत्र सहितको निवेदन प्राप्त भएमा प्रत्येक बालबालिकालाई एक पटकमा रु १०००/- (एक हजार मात्र) बराबरको पोषण यूक्त खाद्य बस्तु र सरसफाईका सामाग्री उपलब्ध गराइनेछ । यसरी उपलब्ध गराईने पोषिलो झोला शारदा नगरपालिकाले स्वास्थ्य चौकीवा आधारभूत स्वास्थ्य सेवा केन्द्र वा शहरी स्वास्थ्य सेवा केन्द्रबाट त्रैमासिक रुपमा नगरपालिका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, स्वास्थ्य शाखा वा अन्य प्रतिनिधि मार्फत वितरण गरिनेछ ।

५.४ पोषण यूक्त खाद्य बस्तु र सरसफाईका सामग्रीहरुः

शारदा नगरपालिकाको कार्यालयको बजेटको परिधिमा रही प्रत्येक बालबालिकाहरुलाई स्थानीय बजारमा उपलब्ध हुने गेडागुडी, नुन, फलफुल, हरियो सागपात, अन्डा, सर्वोत्तम पिठो र व्यक्तिगत सरसफाइका सामग्रीहरु वितरण गरिनेछ ।

**परिच्छेद ४**

## विविध

६. बाधा अडकाउ फुकाउन सक्नेः यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै वाधा अड्काउ आएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

७. कार्यविधिको संशोधन तथा परिमार्जनः कार्यपालिकाको बैठकले यस कार्यविधिमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

८. अनुसूचीमा हेरफेर तथा थपघटः कार्यपालिकाले अनुसूचीमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ ।

९. बाझिएमाः यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रक्रियाहरु स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्य प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।